✓ 0/C

"कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"

चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

चैनपुर , संखुवासभा

स्थापना: २०७३

पत्र संख्या: २०८३/०८४
चलानी न:

कोशी प्रदेश , नेपाल

मिति २०८३।०८।०३

विषय: लेखापरीक्षण गर्न आशय पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा नियमावली २०५९ (संसोधन सहित) को नियम १७१ र यस नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को नियम ८८ मा सामुदायिक विद्यालयहरुको लेखापरीक्षणका विषयमा भएको व्यवस्था अनुरुप यस कार्यालयको मिति २०८३।०८।०३ गते निर्णयानुसार चैनपुर नगरपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालयहरु र सामुदायिक सिकाइ केन्द्रहरुको आ.व.२०८२/०८३ को बाह्य लेखापरीक्षण गर्नुपर्ने भएको हुदाँ लेखापरीक्षण गर्न इच्छुक लेखापरीक्षक फर्महरुलाई देहाय बमोजिमका कागजात सहित कार्यालयले तोकेको पारिश्रमिक/शुल्क सिमा भित्र रहि लेखापरीक्षण गर्न आजका मितिबाट ७ दिन भित्र आशय पत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।तोकिएको समयमा आवश्यक सम्पुर्ण कागजात पेश गरी कार्यालयमा दर्ता नगर्ने लेखापरीक्षण फर्महरुको आवेदन स्वीकृत गरिने छैन ।

आवश्यक कागजात

१. एकल व्यवसाय फर्म दर्ताको छाँयाकपि
२. संस्था नवीकरण छाँयाकपि
३. व्यवसायिक फर्म दर्ता छाँयाकपि
४. करदाताको प्रमाणपत्रको छाँयाकपि
५. नागरिकताको छाँयाकपि
६. कर चुक्ताको छाँयाकपि

पोषराज श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ:
श्री सुचना प्रविधि शाखा, चैनपुर नगरपालिका (वेभसाइटमा अपलोड गरिदिनुहुन)

"कृषि पर्यटन र व्यापार: सुरक्षित समृद्ध नगरको आधार"

चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

चैनपुर , संखुवासभा
स्थापना: २०७३

पत्र संख्या: २०८३/०८४
चलानी न:

कोशी प्रदेश , नेपाल

मिति २०८३।०८।०३

टिप्पणी र आदेश

विषय : सामुदायिक विद्यालयहरुको बाह्य लेखापरीक्षणको लागि आह्वान सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरु र सामुदायिक सिकाइ केन्द्रहरुको आ.व.२०८२/०८३ को बाह्य लेखापरीक्षणका लागि मिति २०८३ कार्तिक १८ गते बसेको नगर शिक्षा समितिको बैठक निर्णय अनुसार तपसिलको पारिश्रमिक/शुल्क बमोजिम बाह्य लेखापरीक्षण गर्नका लागि इच्छुक लेखापरीण फर्महरुलाई ७ (सात) दिनको म्याद राखि आशय पेश गर्न सुचना आह्वान गर्ने मनासिव देखिएकोले निर्णार्थ पेस गर्दछु ।

तपसिल:

१.	आधारभूत तह कक्षा (१-३)	रु.५,०००।– (प्रति वर्ष)
२.	आधारभूत तह कक्षा (१-५)	रु.८,०००।– (प्रति वर्ष)
३.	आधारभूत तह कक्षा (१-८)	रु.१२,०००।– (प्रति वर्ष)
४.	माध्यमिक तह कक्षा (१-१०)	रु.१५,०००।– (प्रति वर्ष)
५.	माध्यमिक तह कक्षा (१-१२)	रु.२०,०००।– (प्रति वर्ष)
६.	सामुदायिक सिकाइ केन्द्र	रु.३,०००।– (प्रति वर्ष)

पेस गर्ने
सुरज गौतम
सहायक चौथो

सिफारिस गर्ने
केशव पोखरेल
अधिकृत छैटौं(शिक्षा)

स्वीकृत गर्ने
पोषराज श्रेष्ठ
प्र.प्र.अ

आज मिति २०८३ कार्तिक १८ गते बुधबारका दिन नगर शिक्षा समितिको बैठक समितका अध्यक्ष एवं नगर प्रमुख श्री कृष्णकुमार तामाङ ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिम निर्णयहरु पारित गरियो।

उंपस्थिती

१. श्री कृष्णकुमार तामाङ- (नगर प्रमुख/ शिक्षा समिति अध्यक्ष)
२. श्री पोषराज श्रेष्ठ (प्रमुख प्रशासकिय अधिकृत)
३. श्री कालिबहादुर लिम्बु (सदस्य)
४. श्री वीरेन्द्र के.सी (सदस्य)
५. श्री कुमारबाबु अधिकारी (सदस्य)
६. श्री संकर प्रसाद खनाल (सदस्य)
७. श्री अर्जुन तामाङ (सदस्य)
८. श्री निमदिकी शेर्पा (सदस्य)
९. श्री दुर्गा रम्तेल (सदस्य)
१०. श्री केशव पोखरेल (सदस्य-सचिव)

आमन्त्रित

१. श्री एलिना श्रेष्ठ (नगर-उपप्रमुख)
१ सुरज गौतम (सहायक चौथो)

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव न.१ आ.व २०८२/०८३ को सामुदायिक विद्यालयहरुको बाह्य लेखापरीक्षण सम्बन्धमा।

निर्णय न. १ उक्त प्रस्ताव माथी छलफल गर्दा यस नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरु र सामुदायिक सिकाइ केन्द्रहरुको आ.व २०८२/०८३ को बाह्य लेखापरीक्षण तपसिलको पारिश्रमिक भित्र रहि लेखापरीक्षक फर्म छनौटका लागि सूचना प्रकासन गर्ने निर्णय गरियो।

१. आधारभूत तह कक्षा (१-३) रु.५,०००।-
२. आधारभूत तह कक्षा (१-५) रु.८,०००।-
३. आधारभूत तह कक्षा (१-८) रु.१२,०००।-
४.माध्यमिक तह कक्षा (१-१०) रु.१५,०००।-
५. माध्यमिक तह कक्षा (१-१२) रु. २०,०००।-
६. सामुदायिक सिकाइकेन्द्र रु. ३,०००।-

प्रस्ताव न. २ सामुदायिक विद्यालयको प्रधानाध्यापक नियुक्ति सम्बन्धमा।

निर्णय न.२ उक्त प्रस्ताव माथी छलफल गर्दा चैनपुर नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षा नियमावली २०५९ को संशोधनमा रहेको व्यवस्था बमोजिम खुल्ला विज्ञापन मार्फत प्रधानाध्यपक पदपुर्ति गर्न बाँकी विद्यालयहरुलाई नगरपालिकाबाट सुचना प्रकासन गरी पदपुर्ति गर्ने भनि निर्णय गरियो। यदि सम्बन्धित विद्यालयहरु भन्दा बाह्य विद्यालयहरुबाट प्रधानाध्यपक पदमा दरखास्त पेश गर्ने शिक्षकहरुले कार्यरत विद्यालय व्यवस्थापन समितिले दरबन्दि सहित जानदिने निर्णय र विद्यालयको पत्र सहित दरखास्त पेश गर्नु पर्ने भनि निर्णय गरियो।

प्रस्ताव न. ३ संघिय शिक्षण सहयोग अनुदान शिक्षकको पदपुर्ति सम्बन्धमा।

निर्णय न.३ उक्त प्रस्ताव माथी छलफल गर्दा सामुदायिक विद्यालयहरुमा दरबन्दि अपुग भएका विद्यालयहरुमा मा अंग्रेजी गणित र विज्ञान तथा प्रविधि जस्ता अनिवार्य विषयमा शिक्षक व्यवस्थापन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्न शिक्षण सहयोग अनुदानको व्यवस्था गरे बमोजिम कक्षा (९-१०) का लागि कुनै पनि दरबन्दि वा राहत अनुदान नभएका (शुन्य दरबन्दी) र १ मात्र दरबन्दी वा राहत अनुदान भएका र २ ओटा मात्र दरबन्दी वा राहत अनुदान भएका विद्यालयहरुमा गणित,अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापन क्रमश शुन्य दरबन्दि भएका ३ जना, १ दरबन्दी भएका २जना र २ दरबन्दी भएका १ जना हुने छ। साथै आधारभूत तह कक्षा (६-८) सञ्चालित विद्यालयहरुमा अंग्रेजी गणित र विज्ञान विषयमा कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका (शुन्य दरबन्दी) भएका विद्यालयलाई गणित अंग्रेजी र विज्ञान विषय मा १ जना शिक्षक राख्न पाउने व्यवस्था बमोजिम यस नगरपालिका भित्र तपसिलबमोजिम उक्त शिक्षक पदपुर्तिको व्यवस्था रहेको छ।

तपसिल

		मा.वि शिक्षक दरबन्दी			संघिय अनुदान पुर्ति संख्या					
क्र.स		स्वीकृत दरबन्दि	राहत	जम्मा	गणित	विज्ञान	अंग्रेजी	जम्मा	कुल जम्मा	कैफियत
१	भगवती मा.वि चैनपुर-२	१		1	१		१	२	३	
२	सरस्वती मा.वि चैनपुर-४	१	१	२		१		१	३	
३	सरस्वती मा.वि चैनपुर-६ हिटीटोल					१	१	२	२	१ वटा गणित विषयको पुर्ति गर्नु
४	ज्वालमुखि आ.वि चैनपुर-१						१	१	१	
५	सिंहेश्वरी आ.वि चैनपुर-२									पुर्ति नभएको
६	सिंहेश्वरी आ.वि चैनपुर-४, कोक्सा						१	१	१	
७	हिमगंगा आधारभुत विद्यालय चैनपुर-८						१	१	१	
८	पञ्चकन्या आधारभूत विद्यालय चैनपुर-९						१		१	
९	वानेश्वर आधारभूत विद्यालय चैनपुर-११					१			१	

१०	गणेश आधारभुत विद्यालय चैनपुर-१				१				१	
११	धर्मदेवी आधारभूत विद्यालय चैनपुर-१०						१	१	१	

माथीको तलिका बमोजिम पुर्ति हुन बाँकी विद्यालय श्री सरस्वती मा.वि हिटीटोलमा माध्यमिक तह गणित विषयको र श्री सिंहेश्वरी आधारभूत विद्यालय ताइलेवामा आधारभूत तह कक्षा (६-८) मा गणित अंग्रेजी र विज्ञान मध्ये १ दरबन्दि उपलब्ध गराउने र उक्त शिक्षण सहयोग अनुदान पदपुर्ति गर्दा नगरपालिकाबाट उपलब्ध गराउदै आएको नगर दरबन्दि अनुदान स्वात हट्ने भनि निर्णय गरियो।

विविध : दरबन्दि मिलान सम्बन्धमा।

निर्णय: उक्त प्रस्ताव माथी छलफल गर्दा चैनपुर नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीको दरबन्दि मिलान तथा व्यवस्थापन कार्यका लागि गठित दरवन्दि मिलान तथा व्यवस्थापन समितिले मिति २०८३ मंसिर मसान्त भित्रमा शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने भनि निर्णय गरियो।